सेरेब्रल पाल्सी एलायन्स (Cerebral Palsy Alliance; CPA) ले यस भूमिका परम्परागत संरक्षकहरूलाई स्वीकार गर्नुका साथै भूमि, जल र समुदायसँग उनीहरूको अटुट सम्बन्धलाई मान्यता दिन्छ। हामी एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर संस्कृतिहरूप्रति र अतीत, वर्तमान तथा उदीयमान बुजर्ग व्यक्तिहरूप्रति सम्मान व्यक्त गर्दछौं।

सेरेब्रल पाल्सी (CP) भनेको के हो?

हामी तपाईं र तपाईंको परिवारलाई सहयोग गर्न उपस्थित छौं। शुरूमा नै सेरेब्रल पाल्सीको लागि सहायता लिएमा यसले तपाईंको बच्चाको विकास र सिकाइमा ठूलो फरक पार्न सक्छ।

सेरेब्रल पाल्सी भनेको के हो?

सेरेब्रल पाल्सी (CP) भनेको एउटा यस्तो शारीरिक अवस्था हो जसले व्यक्तिको मस्तिष्कले शरीरका मांसपेशीहरूसँग कसरी सुचना आदानप्रदान गर्छ भन्ने कुरालाई प्रभावित गर्दछ। सेरेब्रलको अर्थ मस्तिष्क हो। पाल्सीको अर्थ मांसपेशीको कमजोरी हो। यो मानिसहरूमा जन्मजातै वा निकै कलिलो उमेरमा नै हुनसक्छ र यो बाल्यकालमा हुने सबैभन्दा सामान्य शारीरिक अशक्तता हो। CP भएका व्यक्तिहरूलाई हिँडडुल गर्न, सन्तुलन बनाउन र बोल्न समस्या हुन सक्छ। CP भएका प्रत्येक व्यक्ति फरक हुन्छन् र उनीहरूलाई फरक प्रकारका सहायताहरूको आवश्यकता पर्न सक्छ।

सेरेब्रल पाल्सीका प्रकारहरू

CP विभिन्न प्रकारका हुन्छन् र यसले शरीरलाई विभिन्न तरिकाले असर गर्नसक्छ। कुनै व्यक्तिको मांसपेशी कसिलो हुनसक्छ भने अन्यको मांसपेशी कमजोर हुनसक्छ र कसै-कसैलाई दुवै हुन सक्छ। CP ले शरीरको एउटा पाटो वा दुवै पाटाहरूलाई असर गर्न सक्छ।

सेरेब्रल पाल्सीको कारण के हो?

कुनै पनि बच्चाको मस्तिष्क जन्मनु अघि, जन्मने क्रममा वा जन्मपछि प्रभावित भएमा CP हुन्छ। यो अक्सिजनको कमीले गर्दा, संक्रमणहरूले गर्दा वा समय अगाडि नै जन्मिएको कारणले हुन सक्छ। यो साम्झनु महत्त्वपूर्ण छ कि CP कसैको दोष होइन।

Cerebral Palsy ALLIANCE

सेरेब्रल पाल्सीका संकेत र लक्षणहरू

बालबालिकाहरूको विकास फरक फरक गतिमा हुन्छ र सेरेब्रल पाल्सीका लक्षणहरू पनि फरक हुन सक्छन् तर यसमा निम्न लक्षणहरू देखिन सक्छ:

- बामे सर्ने र हिँड्ने जस्ता गतिविधि गर्न थाल्ने समयमा ढिलाइ हुने
- हात र पाखुराहरूको प्रयोग गर्न गाह्रो हुने
- बोल्न वा खानमा समस्या देखिने

CPA ले तपाईंको बच्चालाई कसरी मद्दत गर्न सक्छ?

CP को विशेषज्ञका रूपमा हामी यहाँ तपाईंको बच्चाको गतिविधि र हिँडडूल गर्न मद्दत गर्न यहाँ छौं। हाम्रो लक्ष्य तपाईंका बच्चालाई उनीहरूको लागि महत्त्वपूर्ण कुराहरू गर्नुका साथै सुखी र स्वस्थ जीवन बिताउन सहयोग गर्नु हो। हाम्रो मैत्रीपूर्ण टोलीले निम्न सेवाहरू प्रदान गर्न सक्छ:

थेरापीहरू: हाम्रा थेरापिस्टहरूले तपाईंको बच्चालाई हिँडडुल गर्न, सन्तुलन बनाउन, बोल्न र खाना खान मद्दत गर्न सक्दछन्।

उपकरण (सहायक प्रविधि): हामी दैनिक कार्यहरू सजिलो बनाउन अर्थोटिक्स (खुटाको सहायता), ह्वीलचेयर र संचार सहायक जस्ता औजार तथा उपकरणहरू प्रदान गर्दछौं।

अन्य सहायताहरू: NSW र ACT भरिका विभिन्न केन्द्रहरू मार्फत पहुँचयोग्य जिम, कार्यक्रमहरू र दन्त सेवाहरू जस्ता सेवाहरू समेतका सहायताहरू उपलब्ध छन्।

सहायता सेवाहरूका लागि कसरी भुक्तानी गरिन्छ?

NDIS एक सरकारी कार्यक्रम हो जसले अशक्तता भएका व्यक्तिहरूका लागि थेरापी र उपकरणहरू जस्ता सहायता सेवाहरूको खर्च प्रदान गर्दछ। चाँडै सहायता लिनु महत्त्वपूर्ण छ र NDIS बाट भुक्तानी प्राप्त गर्न समय लाग्न सक्छ। CPA ले तपाईंले यसकालागि पर्खिँएको बेलामा अन्य कोष प्राप्त गर्नका लागि मद्दत गर्न पनि सक्छ।

हामी तपाईं र तपाईंको परिवारलाई सहयोग गर्न उपस्थित छौं। कुनै पनि प्रश्न वा थप जानकारीको लागि, कृपया हाम्रो मैत्रीपूर्ण टोलीसँग कुरा गर्नुहोस्।

1300 888 378 मा फोन गर्नुहोस् वा cerebralpalsy.org.au वेबसाइट मा जानुहोस्।

Cerebral Palsy
ALLIANCE